गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय, स्याङ्जा

सूचना नं.: ३/२०८३/८४

## उत्कृष्ट कृषक पुरस्कारको लागि आवेदन प्रस्ताव पेस गर्ने सम्बन्धि सूचना

**(सूचना प्रकाशित मिति: २०८३/०५/१६)**

कृषि विकास कार्यालय, स्याङ्जाको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत **"उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने"** कार्यक्रम अन्तर्गत स्याङ्जा जिल्लाका उत्कृष्ट चारलाई पुरस्कार प्रदान गर्नुपर्ने भएकोले स्याङ्जा जिल्लाभित्रका ईच्छुक कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले सूचना प्रकाशन भएको मितिले **१५ दिन** भित्र तोकिएको ढाँचामा तपसिल बमोजिमका आवश्यक कागजातहरु समेत संलग्न गरी सूचनामा तोकिएको म्यादभित्र आवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

१. खाद्यान्न, फलफूल, तरकारी, मसलाबाली, दलहन, तेलहन, फलफूल नर्सरी, पुष्प, चिया, कफी, च्याउ, मौरीपालन, पशुपन्छी तथा मत्स्यपालन, घाँस खेती, तरकारी/खाद्यान्नको बीज वृद्धि गर्ने ईच्छुक कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाको **उत्कृष्ट कृषक पुरस्कार सम्बन्धी मापदण्ड, २०७९ (दोस्रो संशोधनसहित)** को अनुसूची-१ बमोजिमको योग्यता पुगेमा अनुसूची-२ बमोजिमको निवेदनसहित अनुसूची-३ बमोजिमको फारम भरी यस कार्यालय वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, स्याङ्जामा आवेदन पेस गर्नुपर्नेछ। मापदण्ड यस कार्यालयको वेवसाइडबाट डाउनलोड गर्न सक्नुहुनेछ।

२. कृषि, पशुपन्छी तथा मत्स्यपालन फर्म/कम्पनी, कृषक समूह, कृषि सहकारी संस्थाको हकमा दर्ताको सम्बन्धी कागजातको प्रतिलिपि, नवीकरण गर्नुपर्ने भएमा सोको प्रमाणपत्र प्रतिलिपि, प्यान दर्ता तथा गत आ.व. को करचुक्ताको पमाणपत्र प्रतिलिपि।

३. व्यक्तिगत कृषकको हकमा निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र प्यान दर्ताको प्रतिलिपि।

४. उल्लिखित विवरण र कागजातहरु कृषि विकास कार्यालय, स्याङ्जाको ईमेल **akcsyangja@gmail.com** वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय, स्याङ्जाको ईमेल **vhl.syangja@gmail.com** मा स्क्यान डकुमेन्ट पठाउन सकिनेछ।

**पुनश्च : कृषक शब्दले कृषि, पशुपन्छीपालन तथा मत्स्यपालन गर्ने सबै कृषकलाई समेट्ने छ। विगत पाँच वर्षमा राष्ट्रिय वा प्रदेशस्तर वा जिल्लास्तरको पुरस्कार प्राप्त गरेका सम्बन्धित कृषकलाई कार्यक्रममा समावेश गरिने छैन तर पहिले पुरस्कृत भएको व्यवसाय भन्दा फरक विधामा भएमा समावेश गर्न बाधा पर्ने छैन्। साथै, माथी उल्लिखित मितिभित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथी कुनै प्रक्रिया अघि बढाइने छैन्।**

**Website**: www.syangja.ado.gov.np

**इमेल** : akcsyangja@gmail.com

९८५६०५५२७६ (कार्यालय प्रमुख), ९८५६०५४०८५ (सूचना अधिकारी)

**सम्पर्क व्यक्ति: मेनुका बोहरा (प्राविधिक सहायक)-९८६७९९१६४०**

..................

प्रकाश बस्ताकोटी

बरिष्ठ कृषि विकास अधिकृत